**कोरोना भाइरस सम्बन्धमा बागमती प्रदेशको अवस्था**
**मकवानपुर । ०७७ वैशाख १७ गते**

हालसम्म प्रदेशमा ८ हजार ३ सय ६१ जनामा गरिएको आरडीटी परीक्षणमा १८ ओटा पोजेटिभ देखिएको प्रदेशको सामाजिक विकास मन्त्रालयले जनाएको छ । ती १८ मध्ये चार ओटामा पीसीआर पोजेटिभ र १३ ओटामा नेगेटिभ आएको एउटाको नतिजा आउन बाँकी रहेको मन्त्रालयले जनाएको छ । प्रदेश राजधानी हेटौडामा रहेको प्रयोगशाला़मा वैशाख १७ गते पाँच ओटा स्वाब नमूना जाँचको लागि प्राप्त भएकोमा परीक्षणको नतिजा आउन बाँकी रहेको छ । प्रदेशमा हासम्म सबैभन्दा बढी आरडीटि टेष्ट काठमाडौं जिल्लामा २ हजार ५ सय ९५ जनामा गरिएको छ । यी मध्ये सात जनामा पोजेटिभ भेटिएको थियो ।

**इन्सेक धादिङ जिल्ला प्रतिनिधि सीताराम अधिकारी**का अनुसार गंगाजमुना गाउँपालिकामा दोश्रो चरणमा नौ जनामा र्‍यापीड टेष्ट विधिबाट कोरोना भाइरस (कोभिड १९) परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको गाउँपालिका स्वास्थ्य संयोजक दीपक अधिकारीले जानकारी दिनुभयो ।
गल्छी गाउँपालिका-४ मा वडा अध्यक्षसँग समन्वय नगरी राहत वितरण गरेको भन्दै वडा अध्यक्ष राजु अधिकारीले गाउँपालिकाले गरेको कामको विरोध जनाउनु भएको छ । नीलकण्ठ नगरपालिका-४ मा असङ्गठित क्षेत्रका मजदुरलाई राहत वितरण गरिएको छ । एउटै वडामा ४ सय ६ परिवारलाई राहत वितरण गरिएको हो ।
लकडाउनको समयमा धादिङको बेनिघाट रोराङ र गजुरी गाउँपाकिलामा दादुरा (रुबेला) विरुद्ध वैशाख १७ गतेबाट खोप अभियान सुरु गरिएको छ । ६ महिनादेखि १५ वर्षसम्मका २१ हजारलाई यो अभियानमा खोप लगाइने छ ।
जिल्लाका तीन ओटा संस्थागत विद्यालयले लकडाउनको कारण रोकिएको परीक्षफल प्रकाशन गरेका छन् । एड्भान्स एकेडेमी, चिल्ड्रनपार्क आवासीय मावि र किबो बोर्डिङ स्कूलले परीक्षाफल प्रकाशन गरेका हुन् । इन्टरनेट सुविधा नहुने अभिभावकले टेलिफोनबाट नतिजा बारे जानकारी लिनसक्ने व्यवस्था मिलाएको विद्यालयहरूले जनाएका छन् ।

**इन्सेक सिन्धुपाल्चोक जिल्ला प्रतिनिधि नातिबाबु धिताल**का अनुसार सरकारले लकडाउनलाई थप कडाइ गर्न निर्देशन गरेसँगै सिन्धुपाल्चोक प्रवेश गर्ने नाका बन्देउबाट बिना पासका सवारी साधनहरूलाई प्रवेशमा रोक लगाइएको छ । काठमाडौंमा आफ्ना नागरिकहरू अलपत्र परेको भन्दै स्थानीय तहहरूले गाउँ प्रवेश गराएकोमा राजधानीलगायत अन्य जिल्लाबाट अबदेखि जिल्ला प्रवेश नगराउन जिल्ला विपद व्यवस्थापन समितिले स्थानीय तहलाई अनुरोध गरेको छ ।

**इन्सेक दोलखा जिल्ला प्रतिनिधि उद्धव पोखरेल**का अनुसार जिल्ला समन्वय समिति तथा जोखिम न्युनिकरण जिल्ला समन्वय समितिले जिल्ला भित्रका बैकहरूको सेवालाई नियमित रुपमा सुचारु गर्न सबै बैकहरूलाई निर्देशन गर्ने निर्णय गरेको छ । यस्तै कृषि सामग्री, मल, बीउ तथा विकास निर्माणका लागि आवश्यक पर्ने सामग्री ढुवानिलाई सहज बनाउने निर्णय गरिएको समितिका संयोजक डबल पाण्डेले बताउनु भयो ।
बैठकले जिल्ला भित्रने सवारी साधानहरूलाई डिसइन्फेक्सन छर्कने निर्णय गरेको छ । भीमेश्वर नगरपालिकाले चरिकोटमा डिसइन्फेक्सन छर्कने सुरु भइसकेको र तामाकोशी गाउँपालिको किर्नेटारमा सुरु गर्ने बैठकले निर्णय गरेको समितिका संयोजक पाण्डेले जानकारी दिनु भयो । दोलखाको दुई स्थानमा स्वाब कलेक्सन बुथ स्थापना गरिएको छ । दोलखाको भीमेश्वर नगरपालिका स्थित सदरमुकाम चरिकोटमा रहेको प्रस्तावित चरिकोट अस्पताल र तामाकोशी गाउँपालिका स्थित धुलिखेल अस्पतालद्वारा सञ्चालित किर्नेटार स्वास्थ्य केन्द्रमा बुथ स्थापना गरिएको हो ।
लकडाउनलाई छलेर धमाधम मानिसहरू गाउँ फर्कन थालेपछि कालिञ्चोक गाउँपालिकाका स्थानीयवासीले मुख्य सडकमै फलामे गेट निर्माण गरी सडक अवरुद्ध गरेका छन् । सुनखानी साङवा

सडक अर्न्तगत कालिञ्चोक गाउँपालिका-२ बाबरेका स्थानीयवासीले बाहिरी मानिसहरूलाई रोक्न सडकमा गेट बनाएका हुन् ।

**इन्सेक नुवाकोट जिल्ला प्रतिनिधि नवदीप श्रेष्ठ**का अनुसार स्थानीय तहहरूले धमाधम काठमाडौंबाट अप्ठ्यारोमा परेका नागरिकहरूलाई गाउँ ल्याएको कारण होम क्वारेण्टाइनमा बस्नेको सङ्ख्या बढ्न थालेको छ । जिल्लाको बेलकोटगढी नगरपालिकाकामा ११ जनामा र्‍यापीड टेष्ट गरिएकोमा सबैको नतिजा नेगेटिभ आएको छ । वैशाख १७ गते जिल्लाभर २ सय ८ जनाको ज्वरो परीक्षण गरिएको छ ।

**इन्सेक रसुवा जिल्ला प्रतिनिधि हेमनाथ खतिवडा**का अनुसार जिल्लाको आमाछोदिङमो गाउँपालिकामा असङ्गठित श्रमिक तथा असहायलाई राहत दिनका लागि ६ सय ६० परिवारको लगत सङ्कलन गए पनि वडा-१ बाहेक अरु वडामा २ सय ६० जनाले राहत पाएका छैनन् ।
उत्तरगया गाउँपालिकामा ९ सय ९० जनालाइ पहिलो चरणको राहत वितरण गरिए पनि दोस्रो चरणको राहत वितरण सुरु भएको छैन । गोसाँइकुण्ड गाउँपालिकामा ३ सय ८५ जना नियमित औषधि सेवन गर्ने जेष्ठ नागरिक तथा दीर्घरोगीहरूलाई निःशुल्क औषधि वितरण गर्नका लागि तयारी भएको छ ।
नौकुण्ड गाउँपालिकामा रहेको क्वारेन्टाईनमा नबसेपछि सेल्फहोम क्वारेन्टाईनको फर्म भरेर रेर्कड राख्ने लागेको स्वास्थ्य शाखा प्रमुख अणप्रसाद पौडेलले बताउनु भयो । यहाँ वैशाख १५ गते काठमाडौंबाट आएका १ सय ८९ जना भागेर आ-आफ्नै घर गएका थिए । यहाँको १, २ र ६ मा हालसम्म राहत वितरण भएको छैन जसका कारण त्यहाँ २ सय ७९ परिवार राहत पाउनबाट वञ्चित भएका छन् ।

**इन्सेक भक्तपुर जिल्ला प्रतिनिधि रमेश गिरी**का अनुसार भक्तपुर जिल्ला अस्पतालमा वैशाख १७ गते तीन जना शङ्कास्पद व्यक्तिको कोरोना परीक्षण गरेको छ । जसमा दुई पुरुषको स्वाब सङ्कलन गरी टेकुस्थित राष्ट्रिय प्रयोगशालामा पठाएकोमा उनीहरूको रिपोर्ट आउन बाँकी छ । एक महिलाको र्‍यापीड टेष्टबाट परीक्षण गरिएकोमा नतिजा नेगेटिभ आएको भक्तपुर अस्पतालको मेडिकल सुपरिटेण्डेण्ट डा. सुमित्रा गौतमले बताउनु भयो ।
काभ्रे हुँदै भक्तपुर नाका भएर आउने व्यक्तिको शरीरको तापक्रम मापनदेखि व्यक्तिगत विवरण सङ्कलन कार्य सुरु गरिएको छ ।
भक्तपुरको जगातीस्थित प्रहरी पोष्टसँगै १७ गतेबाट नेपाली सेना, नेपाल प्रहरी र स्वास्थ्यकर्मीको टोलीले पैदल यात्री र विभिन्न सवारी साधनमा आउनेहरूको ज्वरो नाप्ने र व्यक्तिगत विवरण लिने कार्य सुरु भएको जिल्ला स्वास्थ्य कार्यालय भक्तपुरको प्रमुख स्वास्थ्य अधिकृत कृष्णबहादुर मिजारले जानकारी दिनुभयो ।
लकडाउनको बेलामा पानी रअन्य पदार्थ मिसिएको पेट्रोलियम पदार्थ विक्री गरेको पाइएपछि भक्तपुरको लोकन्थलीस्थित सिद्धार्थ फ्युल सेन्टर शिलबन्दी गरिएको छ । पेट्रोल पम्पबाट लेदो पदार्थ मिसिएको र पानी मिसाएर बिक्री गरेको उजूरीपछि अनुगमन गर्दा मिसावटयुक्त पदार्थ बिक्री भएको पाइएपछि पम्पलाई बन्द गरिएको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका सूचना अधिकारी रवीन्द्र आचार्यले जानकारी दिनुभयो ।
मध्यपुरथिमि नगरपालिकाले चार ठाउँमा संयुक्त मेस सञ्चालन गरेर दैनिक विहान बेलुका ५ हजार जनालाई निःशुल्क खाना खुवाएको छ । नगरपालिकाका प्रमुख मदनसुन्दर श्रेष्ठले मध्यपुरथिमिको गट्टाघरमा निःशुल्क खाना खुवाउनेलाई चामल सहयोग गरेको बताउनु भयो । लकडाउनको बेला सामाजिक दुरी कायम राख्दै खानाको सुविधा प्रदान गरिएको नगरपालिकाले जनाएको छ । त्यस्तै कमेरोटारको एभरेष्ट पार्टी प्यालेस, बोडेको सिन्टिटार र नगदेशको शुभश्री बैंक्वैटबाट खानेकरा नभएर भोकै बसेका जोसकै व्यक्ति आए पनि खाना खुवाउने, घरमा बच्चाहरू भएकालाई घरमै खाना पठाउने र चाँगुनारायण नगरपालिका क्षेत्रमा सञ्चालित इँटा भट्टामा काम गर्ने ३ सय ५० मजदुरलाई पनि खाना खुवाई रहेको प्रमुख श्रेष्ठले जानकारी दिनुभयो ।

**इन्सेक मकवानपुर जिल्ला प्रतिनिधि पुष्पराज अधिकारी**का अनुसार मकवानपुर जिल्ला सहकारी सङ्घको समन्वयमा जिल्लाका विषयगत सहकारी सङ्घमार्फत कृषि उपज विक्री वितरणको कार्य वैशाख १७ गतेबाट सुरू भएको छ । जिल्ला कृषि सहकारी सङ्घ मकवानपुरको हेटौंडा-४, हुप्रचौरस्थित कृषि मार्टबाट प्याकेजिङ गरेर तरकारी विक्री वितरण सुरु गरिएको हो ।

मकवानपुरमा स्थानीय तहको सिफारीसमा तत्काल घर निर्माण गर्नु पर्नेहरूलाई निर्माण सामग्री खरिद गर्न दिइने भएको छ । कमाण्ड पोष्टको बैठकले तत्काल घर निर्माण गर्नुपर्नेहरूको हकमा सम्बन्धित स्थानीय तहको सिफारीसमा मकवानपुर उद्योग वाणिज्य सङ्घको समन्वयमा खरिद गर्न पाउने निर्णय गरेको हो ।

बैठकले नेपाल सरकारले तोकेको स्वास्थ्यलगायत अन्य मापदण्डहरू अनिवार्य पुरा गर्ने गरी जिल्ला भित्र कृषि उपज, आवश्यक उद्योग र विकास निर्माणसँग सम्बन्धित आयोजनाहरू सञ्चालन गर्ने समेत निर्णय गरेको छ ।

कृषि उपज, आवश्यक उद्योग र विकास निर्माणसँग सम्बन्धित आयोजनाहरू सञ्चालन गर्न जिल्ला समन्वय समिति मकवानपुरले मार्गदर्शन तयार गरी लागु गर्ने निर्णय भएको जिल्ला सममन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलालले बताउनु भयो ।

जिल्ला समन्वयको बैठकबाट पास गरेर वैशाख १७ गते कार्यन्वयनको लागि निर्देशन गरिएको समेत प्रमुख खुलालले बताउनु भयो ।

**इन्सेक ललितपुर जिल्ला प्रतिनिधि दीपकप्रसाद घिमिरे**का अनुसार लकडाउनको नियम उल्लङ्घन गरेको आरोपमा वैशाख १७ गते ३ सय ५३ जनालाई महानगरीय प्रहरी कार्यालयरले कारबाही स्वरुप कोभिड-१९ को बारेमा २ घण्टे कक्षामा राखेर घर पठाएको छ ।

पाटन अस्पतालको आइसोलेशन वार्डमा वैशाख १७ गते तीन जनालाई भर्ना गरी उपचार भइरहेको पाटन अस्पतालका निर्देशक डा. विष्णु शर्माले जानकारी दिनुभयो ।

विदेशबाट आएका तर कोभिड-१९ को परीक्षणमा सहभागी नभएका १० जनाको गोदावरी नगरपालिका-५ स्थित लेले प्राथमिक स्वास्थ्य केन्द्रमा वैशाख १७ गते आरडीटी विधिबाट परीक्षण गरिएकोमा सबैको नेगेटिभ रिपोर्ट आएको जनस्वास्थ्य कार्यालय ललितपुरका प्रमुख डा. खगेश्वर गेलाले जानकारी दिनुभयो ।

महालक्ष्मी नगरपालिका, महाँकाल र कोन्ज्योसोम गाउँपालिकाका टोलटोलमा स्वयम्सेवक परिचालन गरी लकडाउनलाई व्यवस्थित गरिएको छ । ललितपुर महानगरपालिका-.५, ६, १२, १५ र १९ वडाका स्थानीय सङ्लग्न लगनखेल समाजले लगनखेल बसपार्कमा मध्याह्न र साँझ निःशुल्क भोजन सेवा दिएकोमा वैशाख १७ गते १ सय ७० जनाले खाना खाएका छन् ।

ललितपुर महानगरपालिका-२४, धापाखेलले किसानका लागि मल र बीउमा अनुदान दिने र सामग्री विक्री वितरणका लागि सहकारीमार्फत काम गर्न समन्वय गर्ने भएको छ । महानगर क्षेत्रका किसानले दलहन बालीको बीउ खरिदमा ५० प्रतिशत अनुदान व्यवस्था गरिएको महानगरपालिकाकका सामाजिक विकास समिति संयोजक दिनेश कार्कीले जानकारी दिनुभयो ।

यसैबीच राष्ट्रिय मानव अधिकार आयोगले वैशाख १७ गते एक विज्ञप्ति प्रकाशन गरी देशका ७७ ओटै जिल्लामा मानव अधिकार अवस्था अनुगमन समिति गठन भइसकेको जनाएको छ । विज्ञप्तिमा आयोगका सदस्य गोविन्द शर्मा पौडेलको संयोजकत्वमा उच्चस्तरीय मानव अधिकार अनुगमन समिति गठन भइसको र सातै प्रदेशमा प्रदेश स्तरीय मानव अधिकार समिति यस अघि नै गठन भइसकेको समेत स्मरण गराइएको छ । आयोगले कोरोना भाइरसको वर्तामान अवस्थामा मानव अधिकारको अवस्था बारे अनुगमन गर्ने छ ।

यसैगरी आयोगका निर्देशक यज्ञप्रसाद अधिकारीको संयोजकत्वमा केन्द्रीय स्तरको अनुगमन समिति गठन भएको छ । सो समितिमा नेपाल पत्रकार महासंघ, नेपाल बार एसोसिएसन, गैर सरकारी संस्था महासंघका प्रदेश अध्यक्ष लगायत १५ जना रहेका छन् । जसमा इन्सेक बागमती प्रदेश संयोजक कृष्ण गोतमलाई समितिको सदस्यमा यस अघिनै मनोनित गरिएको छ ।

**इन्सेक काठमाडौं जिल्ला प्रतिनिधि विमला पौडेल**का अनुसार सरकारले परीक्षणको दायरा बढाएसँगै शङ्कास्पद थप चार जनामा कोभिड १९ को सङ्क्रमण भेटिएको छ । टेकुस्थित राष्ट्रिय प्रयोगशालामा परीक्षणका क्रममा बाराका दुई र पर्साका एक पुरुषमा सङ्क्रमण देखिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. वासुदेव पाण्डेले जानकारी दिनुभयो ।

तीनैजना भारतबाट नेपाल आएर क्वारेण्टाइनमा रहेका व्यक्ति हुन् । उहाँका अनुसार सङ्क्रमित मध्ये एकजना अस्पताल र अर्का तीनजना क्वारेण्टाइनमा रहेका छन् ।

सङ्क्रमण ३१, ४३, ४६ र ५० वर्षका पुरुष रहेका छन् । थप चारजनामा सङ्क्रमण देखिएपछि सङ्क्रमणको सङ्ख्या ५७ पुगेको छ भने पूर्णरुपमा स्वस्थ भएर १६ जना घर फकिएका छन् । उनीहरू वीरगञ्जमा उपचाररत सङ्क्रमितको सम्पर्कमा थिए ।

कीर्तिपुर नगरपालिकाले हालसम्म तीन पटक गरी करिब १ करोड ११ लाख १३ हजार ५ सय ४४ रुपियाँको राहत वितरण गरिएको नगरपालिकाका प्रमुख रमेश महर्जनले जानकारी दिनुभयो । त्यस्तै नार्गाजुन नगरपालिकामा ३६ हजार घरपरिवारलाई करिब ८५ लाख बराबरको राहतको प्याकेट वितरण गरिएको छ । नगरपालिकाको १० वडामध्ये नौ ओटामा सामुहिक भोजन गराउँदै आएको नगरपालिकाका प्रमुख मोहनबहादुर बस्नेतले जानकारी दिनुभयो । चन्द्रागिरी नगरपालिकाले ११ हजार ५ सय भन्दा बढीलाई करिब २ करोड रकम बराबरको राहत वितरण गरेको नगरपालिकाका प्रमुख धनश्याम गिरीले बताउनुभयो ।

लकडाउन सुरु भए यता ८० हजार भन्दा बढीलाई लकडाउन उल्लङ्घन गरेको कारण कारबाही गरिएको महानगरीय प्रहरी परिसरका प्रवक्ता होविन्द्र बोगटीले जानकारी दिनुभयो । वैशाख १७ गते मात्रै महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रवत्ता जीवन कुमार श्रेष्ठका अनुसार काठमाडौँमा मात्रै ६ सय ५९ ओटा दुईपाङ्ग्रे सवारी र ५५ ओटा चारपाङ्ग्रे सवारीलाई कारबाही गरिएको छ ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले जमिन बाँझो नराख्न र कृषि फसल बिक्री वितरण गर्ने पसल बन्द नगर्न पुनः आग्रह गरेको छ । मन्त्रालयले कृषक, उद्योगी, स्थानीय तह र स्थानीय प्रशासनहरूलाई सहजीकरण बढाउन अनुरोध गरेको छ ।

मन्त्रालयले वैशाख १७ गते जारी गरेको १० बुँदे निर्देशनमा सामाजिक दुरी कायम गर्दै कृषि र यससँग सम्बन्धित सबै कर्म नियमित राख्न गर्न कृषकलाई आह्वान गरिएको छ । 'मौसमी खेती, अन्नबाली भित्राउने र भण्डारण तथा बजारीकरणका लागि सबै उपाय अपनाएर काम गर्नु' निर्देशनमा भनिएको छ ।

संसदको विकास समितिले विदेशबाट फर्किनेहरूलाई रोजगारी दिने गरी विशेष राहत प्याकेज ल्याउन सरकारलाई निर्देशन दिएको छ ।

नेपालमै पहिलो पटक भेइकल डिसइन्फेक्सन टनेल चन्द्रागिरि नगरपालिका र सुन्दर यातायात प्रालिको सहकार्यका नागढुङ्गामा बन्ने भएको छ । टनेलको ०७७ वैशाख १७ गते उद्घघाटन गरिएको छ । कोभिड १९ रोकथाम तथा नियन्त्रणको लागि काठमाडौँ उपत्यका भित्रने नाकामा डिसइन्फेक्सन टनेल बनाउन लागिएको चन्द्रागिरी नगरपालिकाले बताएको छ ।

नागढुङ्गामा दुई ओटा टनेल बनाउने कार्य वैशाख १६ गतेदेखि सुरु गरिएको सुन्दर यातायात प्रालिका अध्यक्ष भेष बहादुर थापाले जानकारी दिनुभयो । टनेल निर्माणपछि नागढुङ्गा हुँदै उपत्यका भित्रने प्रत्येक सवारीसाधन डिसइन्फेक्सन गराएपछि मात्र प्रवेश पाउनेछन् । कोरोना प्रभावित क्षेत्रका ऋणीलाई व्याजदरमा दुई प्रतिशत छुट दिन नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थाहरूलाई निर्देशन दिएको छ ।

**इन्सेक सिन्धुली जिल्ला प्रतिनिधि विमला पाण्डे**का अनुसार फिक्कल गाउँपालिका-४ मा बसोबास गर्ने माझी समुदाय र विपन्न ३६ परिवारलाई नगरपालिकाले राहत वितरण गरेको छ । गाउँ पालिकाको

खाद्यान्न बैंकबाट परिवारलाई राहत वितरण गरिएको गाउँपालिका उपाध्यक्ष पार्वती सुनुवारले बताउनु भयो ।
कमलामाई नगरपालिको योजना अनुगमन समितिले वैशाख १७ गतेदेखि सम्पन्न भएका तर फरफारक नभएका योजनाको अनुगमन सुरु गरेको छ । अनुगमन समितिका संयोजक तथा उपमेयर मञ्जु देवकोटा र प्राविधिक टोलीले योजनाको अनुगमन थालेको हो ।

**इन्सेक रामेछाप जिल्ला प्रतिनिधि नवराज घिमिरे**का अनुसार जिल्लाका स्थानीय तहले दीर्घरोगीलाई टोलटोलमा औषधि पुऱ्याउन सुरु गरेका छन् । लकडाउनका कारण नियमित औषधि सेवनमा समस्या परेका दीर्घरोगीहरूलाई लक्षित गरी स्थानीय तहहरूले औषधि वितरण सुरु गरेका हुन् ।
स्थानीय तहहरूले वडा कार्यालयमार्फत दीर्घरोगीका बिरामीहरूको तथ्याङ्क सङ्कलन गरी औषधि वितरण कार्य अघि बढाएको उमाकुण्ड गाउँपालिकाका अध्यक्ष शेरबहादुर सुनुवारले जानकारी दिनुभयो ।
रामेछापका आठ ओटै स्थानीय तहहरूले दीर्घरोगिहरूलाई वडामर्फत औषधि विरण गर्न तथ्याङ्क सङ्कलन गरेका छन् ।
दोरम्बा गाउँपालिकाले आठ जना असङ्ठित मजदुरलाई खाद्यान्न वितरण गरेको छ । गोकुलगंगा गाउँपालिकाले ३ सय ३६ जनालाई राहात वितरण गरेको छ भने सुनापति गाउँपालिकाले २७ जना मजदुरलाई खाने बस्ने व्यवस्था मिलाएको छ ।

**इन्सेक चितवन जिल्ला प्रतिनिधि दीपेन्द्र अधिकारी**का अनुसार कोरोना विशेष अस्पतालमा रहेका सामानहरू चोरी भएको सम्बन्धमा प्रकाशित समाचारलाई लिएर पत्रकार सुवास पण्डितलाई धम्की आएको घटनाको सर्वत्र आलोचना भएको छ ।
नेपाल पत्रकार महासङ्घ चितवन शाखा, प्रेस सङ्गठन चितवन, प्रेस युनियनलगायतका पत्रकार सम्बद्ध सङ्घसंस्थाले वैशाख १७ गते घटनाको विरोध गर्दै विज्ञप्ति प्रकाशन गरेका छन् ।
कोरोना विशेष अस्पतालको महत्वपूर्ण उपचार सामान चोरी गरेको सीसी क्यामरा फुटेज वैशाख १५ गते सार्वजनिक भएपछि पत्रकारलाई ज्यान लिनेसम्मको धम्की आएको हो ।
उक्त घटनाको छानबिन गर्न गठित समितिका संयोजक राजु पौडेलले काम गर्न नसक्ने भन्दै वैशाख १६ गते नै विज्ञप्ति प्रकाशित गरेका थिए । अस्पतालमा कार्यरत कर्मचारीहरू सजय बराल, फणिन्द खनाल र सूर्य तिवारीले रातको समयमा चोरी गरेको भनी भिडियो नै सार्वजनिक भएको हो ।
यस्तै चोरी घटनाको जिल्ला प्रशासन कार्यालय चितवनले पनि १७ गतेबाट अनुसन्धान थालेको सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताउनुभयो ।
भरतपुर अस्पतालबाट वैशाख १६ गते १० ओटा नमूना सङ्कलन गरि कोरोना भाइरसको जाँच गर्न पठाइएकोमा सबै नेगेटिभ नतिजा आएको अस्पतालका सूचना अधिकारी लिलाधर पौडेलले बताउनु भयो ।

**इन्सेक काभ्रे जिल्ला प्रतिनिधि हिरामान तामाङ**का अनुसार लाकडाउनपछि रोकिएका राष्ट्रिय प्राथमिकता प्राप्त विकास आयोजना सूचारु हुने भएका छन् । वैशाख १७ गते धुलिखेलमा बसेको सर्वपक्षिय बैठकले स्थानीय तहबाट सञ्चालित महत्वपूर्ण आयोजनाहरू सञ्चालन गर्ने निर्णय गरेको हो ।
जिल्ला सङ्कट व्यवस्थापन केन्द्रको आयोजनामा बसेको बैठकले निर्माण अनुमति प्राप्त ढुवानीका सवारी साधनहरू जिल्ला भित्र बिहान ११ बजेदेखि १ बजेसम्म र बेलुका ७ बजेदेखि १० बजेसम्म र जिल्ला बाहिर जानका लागि बेलुका ७ बजेदेखि राति ११ बजेसम्म सञ्चालन गर्ने गरी व्यवस्था मिलाईएको जिल्ला समन्वय समितिका प्रमुख उद्धव केसीले जानकारी दिनुभयो ।
जिल्लाका महत्वपूर्ण आयोजनाहरू काभ्रे एकीकृत खानेपानी, लाकुरी भञ्ज्याङ्ग पनौती नमोबुद्ध सडक, तिनपिप्ले बोहोरेदोभान सडक, दोलालघाट चौरी गुरासैं सडक, हिगुवापाटी नगरकोट सडक, काभ्रे भन्ज्याङ्ग दाप्चा सडकलगायतका महत्वपूर्ण योजनाहरू छन् भने स्थानीय सरकारका थुप्रै महत्वपूर्ण आयोजनाहरू छन् ।

मण्डनउपुर नगरपालिकाको वडा-४ का चार जनाको कोरोना भाइरसको जाँच गरिएकोमा चारै जनाको रिपोर्ट नेगेटिभ आएको छ । बर्दियाबाट केहिदिन अघि आएका उनीहरूमा वैशाख १७ गते आरडीटी विधि मार्फत कोरोना भाइरस परीक्षण गरिएको थियो ।
नेपाली काङ्ग्रेसले जिल्लामा रहेका स्थानीय तहका स्वास्थ्य संस्थालाई पीपीई र मास्क सहयोग गरेको छ । काङ्ग्रेसका जिल्ला सचिव दिनेश लामाका अनुसार जिल्लाको १३ ओटा स्थानीय तहमध्ये ६ ओटा स्थानीय तहलाई स्वास्थ्य सामग्री हस्तान्तरण गरिसकिएको छ ।
कोशीपारी क्षेत्रमा पर्ने चौरीदेउराली, भुम्लु गाउँपालिका, मण्डनदेउपुर, पाँचखाल, धुलिखेल र पनौती नगरपालिकालाई स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको हो । बाँकी रहेका सात ओटा स्थानीय तहलाई पनि छिट्टै स्वास्थ्य सामग्री उपलब्ध गराइने सचिव लामाले बताउनु भयो ।
काभ्रेमा ४३ हजार ग्यास लिसिन्डर र ६ लाख पेट्रोलियम पदार्थ मौज्दात रहेको छ । जिल्ला सङ्कट व्यवस्थापन केन्द्रले वैशाख १७ गते सूचना मार्फत यो जनाकारी सार्वजनिक गरेको हो ।
जिल्लामा ५ लाख लिटर डिजेल र १ लाख लिटर पेट्रोल रहेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख एवम् जिल्ला सङ्कट व्यवस्थापन केन्द्रका सदस्य सचिव डाक्टर नरेन्द्रकुमार झाले बताउनु भयो ।
**इन्सेक बागमती प्रदेश कार्यालय, हेटौंडा**